वर्ष ६, अंक ७, कार्तिक

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन



**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली
प्र.ब.उ. मोहन प्रसाद पोखरेल
प्र.ब.उ. नविन राज राई

**सम्पादक मण्डल**
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ह. कल्पना राई
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – २ |
| अपराध तथ्याङ्क | ३ – ८ |
| प्रहरी सेवा प्रवाह | ९ –११ |
| खोजतलास तथा समन्वय | १२ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १३ –१४ |
| अपराध समाचार | १५–१९ |
| उत्कृष्ट अनुसन्धान | २० |

# विभागीय गतिविधि

## लागु औषध नियन्त्रण तथा अनुसन्धानसँग सम्बन्धित विषयमा Virtual Meeting सम्पन्न



***काठमाडौं, २२ कार्तिक***

अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ र लागु औषध नियन्त्रण ब्यूरो प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक गोबिन्द थपलिया एंव काठमाण्डौं उपत्यका प्रहरी कार्यालय, सातै प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, सम्पुर्ण जिल्ला प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयका प्रमुखहरु बीच Virtual Meeting मार्फत **लागु औषध अपराध नियन्त्रण तथा अनुसन्धानसँग** सम्बन्धित विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले Virtual Meeting मार्फत जोडिएका सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई आ-आफ्नो क्षेत्रमा लागुऔषधको Demand deduction र Supply control गर्नुहुन र सीमा क्षेत्रमा रहेका प्रहरी कार्यालयहरुले लागुऔषध नियन्त्रणका लागि Counter parts meeting मा आवश्यक समन्वय गर्न निर्देशन गर्नुभयो।

साथै निरन्तर रुपमा बढ्दै गरेको लागुऔषध प्रयोगको असर सबै क्षेत्रमा रहेको र यसको नियन्त्रण निर्ममता पुर्वक हुनुपर्ने जनताको अपेक्षा समेत रहेको हुँदा सबै पक्षसँग collaboration & coordination गरी यसको नियन्त्रण गर्नुका साथै लागु औषध नियन्त्रणमा लागु औषध व्यूरो प्रमुखले समेत उल्लेखनिय कार्य गरी उच्च मुल्याङ्कनमा रहन समेत निर्देशित गर्नुभयो। उक्त कार्यक्रममा लागु औषध नियन्त्रण ब्यूरो प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक गोबिन्द थपलियाबाट नेपालमा लागु औषध सम्बन्धी अपराधको अवस्था, लागु औषध रोकथाम तथा नियन्त्रणका प्रयासहरु र समस्या तथा चुनौतीहरुको विषयमा प्रस्तुतिकरण भएको थियो।

## मिसनमा खटि जान लाग्नुभएका प्रहरी कर्मचारीको बिदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, २३ कार्तिक***

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ अमेरिकाको न्युयोर्क स्थित संयुक्त राष्ट्र संघको सचिवालयको लागि **Police Planning Officer, P-3** पदमा छनौट भई जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक शर्मिला गुरुङलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत र अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो।

## नेपाल प्रहरी केनाईन कार्यालय परिसरमा नवनिर्मित महिला व्यारेक भवन उद्घाटन



*काठमाडौं, २६ कात्तिक*

नेपाल प्रहरी केनाईन कार्यालय महाराजगंज परिसरमा नवनिर्मिति महिला प्रहरी व्यारेक भवनको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो। प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले नवनिर्मित व्यारेक भवनको निरीक्षण गर्नुको साथै महिला प्रहरी व्यारेक भवनले

लैंगिकमैत्री वातावरण सिर्जना गरी महिला प्रहरी कर्मचारीहरूको कार्यसम्पादनमा समेत उत्प्रेरणा बढाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भौतिक पूर्वाधार प्रहरी कार्य सम्पादनको प्रमुख कडी भएको चर्चा गर्दै भवनको उचित सदुपयोग र नियमित मर्मत संभारमा सबैको सक्रियता हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय भौतिक पूर्वाधार निर्देशनालयका प्रहरी निरीक्षक ई.शम्भु प्रसाद कोइरीले नवनिर्मित व्यारेक भवन सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । नेपाल सरकारबाट प्राप्त बजेटबाट दुई तले उक्त व्यारेक भवन कुल ९९ लाख ६६ हजार ५ सय १५ रूपैयाँ ५३ पैसाको लागतमा निर्माण सम्पन्न भएको हो । कुल २८५६/३५ वर्ग फिट क्षेत्रफलमा रहेको उक्त व्यारेक भवनको भुइँ तलामा दुई वटा व्यारेक कोठा र पहिलो तलामा एउटा व्यारेक हल रहेका छन् ।

## नेपाल प्रहरी केनाईन कार्यालय महाराजगंजमा कुकुर पूजा सम्पन्न



***काठमाडौं, २६ कात्तिक***

यमपञ्चकको दोस्रो दिन अर्थात कुकुर तिहारका अवसरमा नेपाल प्रहरी केनाईन कार्यालय महाराजगंजमा आयोजित कार्यक्रमबीच कुकुर पूजा सम्पन्न भएको छ । कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कार्यालयमा रहेका विभिन्न जातका कुकुरहरूलाई पूजा गर्नुभयो । साथै उहाँले अपराध अनुसन्धान तथा खोज कार्यमा यस वर्ष उत्कृष्ट कार्य गर्ने कुकुर 'रियो', बाधापार र हाईजम्पतर्फ प्रदर्शनमा उत्कृष्ट हुने कुकुर 'रोज' र रनिङतर्फ 'टाईगर'लाई पुरस्कार प्रदान गर्नुभयो । साथै यस वर्ष उत्कृष्ट कार्य गर्ने सोही कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरूलाई समेत उहाँले पुरस्कार प्रदान गर्नुभयो । सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले तिहार र कुकुर पूजाको शुभकामना व्यक्त गर्दै केनाईनले विभिन्न अपराधको सफल अनुसन्धान तथा प्रहरी कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै नेपाल प्रहरी संगठनको छवि उच्च पारेको बताउनुभयो । केनाईनले केन्द्रमा मात्र नभई प्रदेशस्तरमा समेत उत्कृष्ट कार्य सम्पादन गर्दै आएको उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा उक्त कार्यालयका प्रहरी कर्मचारीहरू र प्रहरी कुकुरहरुले हातहतियार तथा विष्फोटक पदार्थको खोजी तथा पहिचान, लागूऔषधको खोजी तथा पहिचान, अपराधीको खोजी एवं पहिचान, हाइजम्प प्रतियोगिता, दौड प्रतियोगिता, आज्ञापालन तथा व्यक्तिगत सुरक्षा कला, बाधापार र खोजी तथा उद्दार कार्य लगायतको प्रदर्शनी गरेका थिए । नेपाल प्रहरी केनाईन कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा. देउती गुरूङले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा प्रहरी उपरीक्षक डा. राम चन्द्र सत्यालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । नेपाल प्रहरीको अनुसन्धान प्रक्रियालाई तथ्यपरक र प्रमाणमुखी बनाउने उद्देश्यकासाथ विगत लामो समयदेखि अपराध अनुसन्धान तथा खोज कार्यमा तालिम प्राप्त कुकुरहरुको प्रयोग हुँदै आएको छ । कार्यक्रममा वरिष्ठ प्रहरी अधिकृतहरु, संचारकर्मी लगायत अतिथिहरू समेतको उपस्थिति रहेको थियो ।

## "Police App" तालिम सम्पन्न






*काठमाडौं, १७ कार्तिक*


राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा मिति २०८० कार्तिक १२ गते देखि संचालित ६ कार्यदिन अवधिको गैह्-आवासीय आधारभुत तालिम नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक २, प्रहरी नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक २, प्रहरी हवल्दार ५, प्रहरी सहायक हवल्दार ७ र प्रहरी जवान १८ जना सहित जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । **"Police App"** तालिमबाट App सम्बन्धी ज्ञान सिप हासिल गर्नुका साथै दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायब महानिरीक्षक अरुण कुमार भण्डारीले बधाई समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो ।

# अपराध तथ्याङ्क

## काठमाडौ उपत्यका तथा प्रदेशहरुको कार्तिक महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (भदौ-कार्तिक)




## त्रैमासिक मुद्दा दर्ता र फछर्यौट संख्या (भदौ-कार्तिक)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ कार्तिक सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७८०।०८१ कार्तिक)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७८०।०८१ कार्तिक)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ कार्तिक)





## २०८० कार्तिक महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० कार्तिक महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० कार्तिक महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० कार्तिक महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २० | २ वर्ष ५ महिना २५ दिन | ४६३२५६७ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ८१ | ५८ वर्ष ६ महिना २६ दिन | १७४२३०५१ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १६९ | ३१ वर्ष २४ दिन | ८७५००३ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २५ | ७ वर्ष २ महिना २६ दिन | १२५३९२४ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ४८ | २० वर्ष ४ महिना १० दिन | ७४८१११ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | २९ | २५ वर्ष ६ महिना ४ दिन | ४११७७६ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ९ | २७ वर्ष ७ महिना ८ दिन | ११८२१३५ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १९ | ११ वर्ष ३ महिना ११ दिन | ५२८७८८ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ४ | २ वर्ष १० दिन | ४७००९८५ |
| | **जम्मा** | **४०४ जना** | **१८३ वर्ष ३३ महिना १४४ दिन** | **रु.३१, ७५६३४०** |

## २०८० कार्तिक महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० असोज र कार्तिक महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० कार्तिक महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० कार्तिक महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | ५५३५२ | ४६३५० |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | १६९ | १६२ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | २३० | ५६२ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ३५ | ३५ |
| ५ | औंठाछाप प्रमाणिकरण | ११२ | ११२ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | २० | २० |
| जम्मा | | ५५९१८ | ४७२४१ |

# सामुदायिक प्रहरी गतिविधि

२०८० कार्तिक महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)







*जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. १६ सर्रा मानव बेचबिखन सम्बन्धी जनचेतनामूलक कार्यक्रम:*

# आसरा सुधार केन्द्र

## २०८० कार्तिक महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## कार्तिक महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १२ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १८ जना |
| ३. | हराएका विदेशी नागरिक | १ जना |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | ३०,००५ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## २०८० कार्तिक महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## कार्तिक महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८० सालको कार्तिक महिनामा बिभिन्न १६ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतिय कसूर, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ति करणी, सुन तस्करी) अन्तर्गत ४२ वटा मुद्दाको १६७ वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- कार्तिक महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८०/०७/०१ गतेदेखि २०८०/७/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ४२६ केशहरु र २८०७ नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **४२१** केशहरु र **३२०२** नमूनाहरु परीक्षण गरिएको ।
- **मिति २०८०/०७/०१ गते देखि** २०८०/०७/३० गते सम्म यस प्रयोगशालाबाट **(AFIS)** मा १२०५ **DATA Entry** भएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/०७/०१ गते देखि २०८०/०७/३० गते** सम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ९४ केशहरु र **४७६** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१६९ केशहरु र ५३४ नमूनाहरु** परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/०७/०१ गते देखि २०८०/०७/३० गते सम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि २४६ केशहरु र ७२८ नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ४६ केशहरु र १२२ नमूनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० कार्तिक महिनामा परिचालित संख्या**






*दिपावलीको अवसरमा कुकुर पूजा गर्दै केनाईन टोली:*

# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

***उदयपुर,१ कात्तिक***

आफ्नै श्रीमती ३० वर्षीया छविमाया राईको हत्या गरेको अभियोगमा त्रियुगा नगरपालिका-५ श्रीपुर बस्ने ३२ वर्षीय पिटर राईलाई प्रहरीले पक्राउ गरेको छ। पिटरले घरायसी बिवादको कारण खाना पकाउने कुकर प्रहार गर्दा गम्भीर घाइते भएकी छविमायाको जिल्ला अस्पताल उदयपुरमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुर र ईलाका प्रहरी कार्यालय जलजलेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

***सोलुखुम्बु, ११ कात्तिक***

महाकुलुङ गाउँपालिका-२ पेल्माङ बस्ने ५० वर्षीय सितल बहादुर राईको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ५५ वर्षीय धरन बहादुर राई र ३५ वर्षीय समित कुलुङ रहेका छन्। मादक पदार्थ सेवन गरेर वादविवाद संगै भएको झै-झगडामा सितल बहादुर राईको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बुङबाट खटिएको प्रहरीले झै-झगडामा संलग्न धरन बहादुर र समितलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै बुवाको हत्या गरेको अभियोगमा पक्राउ

***कैलाली, १२ कात्तिक***

आफ्नै बुवा ४५ वर्षीय हिरा सिंह चौधरीको हत्या गरेको अभियोगमा जानकी गाउँपालिका-३ लाईकपुर चौधरी गाउँ बस्ने २४ वर्षीय गणेश चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै घरको आँगनमा घरायसी बिवादको क्रममा ढुङ्गाले प्रहार गर्दा हिरा सिंहको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरी टोलीले गणेशलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका विगत १२ वर्षदेखि फरार प्रतिवादी पक्राउ

***संखुवासभा, २४ कात्तिक***

कर्तव्य ज्यान मुद्दाका विगत १२ वर्षदेखि फरार प्रतिवादी धर्मदेवी नगरपालिका-२ घर भएका २८ वर्षीय बुद्दे भन्ने बुद्दिराज जिमीलाई प्रहरीले पक्राउ गरेको छ। बुद्दिराज जिमी समेतले २०६८ फागुन ३ गते धर्मदेवी नगरपालिका-२ बस्ने रविन जिमीको हत्या गरी फरार रहेका उनलाई प्रहरी चौकी मुढेशनिश्चरेबाट खटिएको प्रहरीले सोही नगरपालिका-२ तामाफोकबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कानुनी कारबाहीको लागि संखुवासभा जिल्ला अदालतमा पेश गरिएको छ।

### एउटै परिवारका चार जनाको हत्या गरेको अभियोगमा दुई जना पक्राउ

***मुगु, २४ कात्तिक***

एउटै परिवारका चार जनाको हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा छायाँनाथ रारा नगरपालिका-७ पिना घर भई हाल बाँके बैजनाथ गाउँपालिका-१ चिसापानी बस्ने ३१ वर्षीय काले भन्ने गोर्ख राज शाही र छायाँनाथ रारा नगरपालिका-६ मन्दु बस्ने ३१ वर्षीय गोपाल बहादुर बोहोरा रहेका छन्। छायाँनाथ रारा नगरपालिका-६ मन्दु बस्ने श्रीदेवी बोहोरा, उनकै छोराहरू ११ वर्षीय मनोज बोहोरा, ५ महिनाको रहर बोहोरा र उनकै छोरी ७ वर्षीया अप्सरा बोहोराको कात्तिक ८ गते राति आफ्नै घरमा हत्या गरेको अभियोगमा केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंज काठमाडौं, कर्णाली प्रदेश प्रहरी कार्यालय वीरेन्द्रनगर सुर्खेत र जिल्ला प्रहरी कार्यालय मुगुबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले गोर्ख राज शाहीलाई लुकीछिपी बसेको अवस्थामा सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ पञ्चकोशी टोल र गोपाल बोहरालाई उनकै घरबाट पक्राउ गरेको हो। गोपाल बोहोरा बैदेशिक रोजगारीको लागि कतार गएकोमा राम्रो काम नपाई २ वर्ष बसेर नेपाल फर्किएको र श्रीदेवी बोहोराको श्रीमान दीपक बोहोराले कतारमा राम्रो कम्पनीमा काम गरेको उक्त कम्पनीमा काम गर्ने गरी आफूलाई समेत भिषा पठाइदिन आग्रह गरेको तर दीपकले सो कुरा अस्वीकार गरेकोले रिसइवीका कारण दीपकको परिवारको हत्या गर्ने योजना बनाएको खुल्न आएको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***काठमाडौं, १० कात्तिक***

भक्तपुर, सूर्यबिनायक नगरपालिका-४ दधिकोटस्थित चक्कु फाँट बस्ने कृष्णहरि गुरागाईको घरबाट करिब ५ लाख रूपैयाँ बराबरको विभिन्न सुनका गहना चोरी भएको छ। स्याङजा, भिरकोट नगरपालिका-१ दार्सिङ बस्ने ३५ वर्षीया सुष्मा थापाको घरबाट सोमबारदेखि बिहीबार सम्म घरमा कोही नभएको अवस्थामा ढोकाको चुकुल रडले फोडी सुन तथा चाँदीका गहना ७ तोला र नगद ३० हजार रूपैयाँ चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### ईसेवाको आधिकारिक कर्मचारी हुँ भन्दै ठगी गर्ने पाँच जना पक्राउ

***काठमाडौं, १२ कात्तिक***

ईसेवाको आधिकारिक कर्मचारी हुँ भन्दै १८ जना पीडितहरूबाट १५ लाख २० हजार ९ सय रूपैयाँ बराबरको धनमाल ठगी गरेको अभियोगमा ५ जनालाई रौतहटका विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा रौतहट गौर नगरपालिका-५ बस्ने २६ वर्षीय नवनित कुमार कुशवाहा, २१ वर्षीय कन्हैया कुमार कुशवाहा, २० वर्षीय अभय कुमार यादव, २१ वर्षीय रितेश कुशवाहा र गढिमाई नगरपालिका-६ बस्ने १९ वर्षीय दिपेन्द्र कुमार यादव रहेका छन्। उनीहरूले विभिन्न मोबाइल नम्बरहरुबाट फोन सम्पर्क गरी म ईसेवाको आधिकारिक कर्मचारी हुँ, तपाईको ईसेवा आईडी बैंक खातासँग लिंकअप तथा खाता नविकरण, KYC Form Update, Statement Verify, Secure Transfer Charge नलाग्ने, ५० प्रतिशत Cash Back रकम उपलब्ध गराईदिन्छु भनी बिश्वास दिलाई झुक्यानमा पारी पीडितहरुबाट उक्त रकम ठगी गरेको खुल्न आएपछि उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाडौंबाट खटिएको प्रहरीले जिल्ला

प्रहरी कार्यालय रौतहटको समन्वयमा पक्राउ गरेको हो । उनीहरूलाई ठगी सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान एवं कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ ।

### विभिन्न धनमाल चोरी

***काठमाडौं, २५ कात्तिक***

काठमाडौं महानगरपालिका-२ लाजिम्पाटस्थित माईक रेष्टुरेण्टको क्यास काउण्टरबाट करिब नगद २ लाख ५० हजार रुपैयाँ चोरी भएको छ । साथै आवश्यक सोधपुछको लागि प्रहरीले १ जनालाई नियन्त्रणमा लिएको छ । भक्तपुर, मध्यपुर ठिमी नगरपालिका-१ सानोठिमी डेरा गरी बस्ने सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-६ घर भएका २४ वर्षीय बिष्णु बस्नेतको कोठाबाट नगद २ लाख रूपैयाँ र सुनका गहना गरी करिब ३ लाख ४ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । यसैगरी सोही नगरपालिका-२ सानोठिमी दिब्यश्वरी प्लानिङ बस्ने ४९ वर्षीय युबराज अधिकारीको घरबाट नगद ६० हजार रूपैयाँ, १६ हजार भारतीय रूपैयाँ र विभिन्न सुन तथा हिराका गर-गहना गरी करिब २० लाख ७७ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ ।

झापा, अर्जुनधारा नगरपालिका-९ कटहरेडाँडा मिलन चोक बस्ने सीता आचार्यको घरबाट सुनको तिलहरी २ थान, औंठी १ थान, १.५ तोलाको कानमा लगाउने कुण्डल ५ वटा, चाँदीका गरगहनाहरु र नगद ७ हजार रूपैयाँ समेत गरी करिब २ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १५ कात्तिक***

बर्दिया, १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा गुलरिया नगरपालिका-१२ कालीनगर बस्ने २८ वर्षीय मदन थारुलाई प्रहरीले पक्राउ गरेको छ । थारूले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

झापा, ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा हल्दिबारी गाउँपालिका-४ वडावारी तामाङ बस्ती बस्ने ४५ वर्षीय डिल्ली कुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई घरमा कोही नभएको अवस्थामा श्रेष्ठले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई पक्राउ रेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १७ कात्तिक***

धनकुटा, १३ वर्षीया बालिकाकलाई जबरजस्ती करणी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा महालक्ष्मी नगरपालिका-५ बस्ने ५० वर्षीय गोपाल बस्नेत र ५२ वर्षीय राम बहादुर कटुवाल रहेका छन् । ती बालिकाको घरमा कोही नभएको अवस्थामा उनीहरूले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी लेगुवाबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो ।

झापा, ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मेचिनगर नगरपालिका-१५ भिन्डि बस्ती बस्ने २१ वर्षीय सुकलाल हस्दालाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई आफ्नै घरमा ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***अर्घाखाँची, २४ कात्तिक***

४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गुल्मी रेसुङ्गा नगरपालिका-१० सिखेधारा बस्ने २५ वर्षीय राम बहादुर घर्ती थापालाई प्रहरीले पक्राउ गरेको छ । थापाले ती बालिकालाई छत्रदेव गाउँपालिका-७ डाँडाखर्कस्थित खर्यानबारीमा लागी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## लागू औषध सम्बन्धी

### अवैध लागूऔषधसहित पक्राउ

***काठमाडौं, २ कात्तिक***

काठमाडौं महानगरपालिका-१६ माछापोखरी कुमारीस्थानबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ १ ग्राम ८० मिलिग्रामसहित सोही ठाउँ बस्ने सिन्धुपाल्चोक घर भएका ३५ वर्षीय क्षिरिङ्ग लामासमेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले क्षीरिङ्गको कोठा तलासी गर्ने क्रममा उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

सुनसरी, धरान उपमहानगरपालिका-८ तिनकुनेबाट नियन्त्रित लागूऔषध स्पासमो ५ हजार ट्याब्लेटसहित सोही उपमहानगरपालिका-९ बस्ने २० वर्षीय दिप तामाङलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी चौकी तिनकुनेबाट खटिएको प्रहरीले प्रदेश १-०२-००१ ख ९६३६ को बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

बारा, सुवर्ण गाउँपालिका-७ संफुलवा र चौरहियाको बिचबाट करिब २५ किलोग्राम गाँजा प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी बडकी फुलवरिया र बिओपि सशस्त्र बेसक्यामप संफुलवाबाट खटिएको संयुक्त गस्ती टोलीलाई देख्नासाथ ५ जना ब्यक्तिहरुले पछाडि भिरेको झोला फाली भागेपश्चात प्रहरीले उक्त झोला तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । हाल फरार व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट १० जना पक्राउ

***काठमाडौं, १२ कात्तिक***

सर्लाही, कबिलसी नगरपालिका-९ सलेम्पुरबाट अवैध लागूऔषध गाँजा २ सय ५० किलोग्रामसहित सोही नगरपालिका-१० बस्ने २४ वर्षीय भाग्यनारायण महतो समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको प्रहरीले ज.१ त ५५५१ नम्बरको ट्याक्टरलाई जाँच गर्ने क्रममा ट्याक्टरमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

पर्सा, वीरगंज महानगरपालिका-१६ इनर्वागाउँ चोकस्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ ग्राम ५ मिलिग्राम र नियन्त्रित लागूऔषध नाईट्राभेट २ सय ७० ट्याब्लेटसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा चितवन कालिकामाई नगरपालिका-६ बस्ने १९ वर्षीय सुजन तिवारी र सोही नगरपालिका- ७ बस्ने १९ वर्षीय शक्ति परियार रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा वीरगंज र अस्थायी प्रहरी पोष्ट इनर्वागाँउबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

यसैगरी पर्सा, पटेर्वा सुगौली गाउँपालिका-५ निचुटा नौगछियाबाट अवैध लागूऔषध गाँजा करिब १० किलोग्रामसहित जगनाथपुर गाउँपालिका-५ सोपुर बस्ने ४५ वर्षीय हिरामान यादवलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौली र अस्थाई प्रहरी पोष्ट सुपौलीबाट खटिएको प्रहरीले बीआर २२ एई ६७४० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा बोरामा ल्याउँदै गरेको उक्त गाँजासहित उनलाई पक्राउ गरेको हो ।

कैलाली, भजनी नगरपालिका-२ गौनियाबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ ग्राम १ सय ९० मिलिग्रामसहित सोही नगरपालिका-१ बस्ने २६ वर्षीय तपेन्द्र बोहरा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले से.७ प १०१६ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

यसैगरी कैलाली, टीकापुर नगरपालिका-९ खक्रौलास्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ९ सय ९० मिलिग्रामसहित सोही ठाउँ बस्ने २२ वर्षीय नरेश रावल समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

कपिलवस्तु, विजयनगर गाउँपालिका-२ पडरियाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम ४५ मिलिग्राम र १ थान डिजिटल तराजुसहित सोही ठाउँ बस्ने २३ वर्षीय बिजय कुमार गुप्ता तेलीलाई प्रहरीले पक्राउ गरेको छ। तेलीले लागूऔषधको कारोबार गर्ने गरेको भन्ने विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय गणेशपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित विभिन्न स्थानबाट छ जना पक्राउ

***काठमाडौं, १३ कात्तिक***

सिरहा, धनगढीमाई नगरपालिका-१३ बाबुराम खोलाबाट अवैध लागूऔषध गाँजा करिब १३ केजीसहित सोही नगरपालिका-१४ बस्ने ५० वर्षीय पदम बहादुर बिश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय बिष्णुपुरकट्टिबाट खटिएको गस्ती टोलीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

कञ्चनपुर, बेलौरी नगरपालिका-६ बैसाखा पुलस्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ २ ग्राम ३५ मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बेलौरी नगरपालिका-६ ढक्काचाँदर बस्ने २५ वर्षीय उत्तम बुडाल र २८ वर्षीय महेन्द्र बुडाल रहेका छन्। ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको से.६ प ४३२७ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

बाँके, नेपालगंज उपमहानगरपालिका-१ धम्बोझीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ३ सय मिलिग्रामसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २१ वर्षीय बिनोद तामाङ, २१ वर्षीया निलु वली र रूकुम मुसीकोट नगरपालिका-१ घर भई हाल बाँके नेपालगंज उपमहानगरपालिका-१८ बस्ने २१ वर्षीया लक्ष्मी बुढा मगर रहेका छन्। जिल्ला प्रहरी कार्यालय बाँके र प्रहरी बिट बुशालनगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित पाँच जना पक्राउ

***काठमाडौं, २० कात्तिक***

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१५ चुरियामाईबाट अवैध लागूऔषध गाँजा १० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत बिहार राज्य घर भएका २२ वर्षीय सदुला अन्सारी र भारत बिहार राज्य उत्तर प्रदेश घर भएका २४ वर्षीय रजनिस सिङ रहेका छन्। प्रहरी चौकी रातोमाटे समेतबाट खटिएको प्रहरीले वीरगंजतर्फ जाँदै गरेको ना.६ ख ६७५४ नम्बरको बसमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

कास्की, पोखरा महानगरपालिका-२१ कश्यारघाटबाट अवैध लागूऔषध ब्राउनसुगर १२ ग्राम ४० मिलिग्रामसहित सोही ठाउँ बस्ने २१ वर्षीय आशिष सुनार समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो पोखरा, जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बैदामबाट खटिएको संयुक्त टोलीले सुनारको कोठाबाट उक्त परिमाणको लागूऔषध फेला परी तीनै जनालाई पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित विभिन्न स्थानबाट आठ जना पक्राउ

***काठमाडौं, २१ कात्तिक***

सुनसरी, दुहबी नगरपालिका-८ कदमगाछी चोकबाट अवैध लागूऔषध गाँजा करिब ३१ केजीसहित धनकुटा सहिद भूमि गाउँपालिका-७ बस्ने २१ वर्षीय अनिश तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा प्रदेश १-०२-०४२ प ३७५४ नम्बरको मोटरसाइकल र को.१ ह ८४७८ नम्बरको सिटी सफारी एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा ४ जना घाइतेलाई उपचारको लागि दुहबी जिबन ज्योति हस्पिटल पठाई दुवै सवारी साधन नियन्त्रणमा लिई अनुसन्धान गर्ने क्रममा मोटरसाइकल चालक अनिश तामाङको साथमा रहेको झोलाबाट उक्त परिमाणको गाँजा फेला परेको हो। साथै हाल फरार मोटरसाइकलमा सवार १ जनाको प्रहरीले खोजी गरिरहेको छ।

कञ्चनपुर, बेलौरी नगरपालिका-६ बैशाखाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १९ ग्राम ६५ मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कैलाली घोडाघोडी नगरपालिका-१० बस्ने २६ वर्षीय सुवर्ण कुमार बोहरा र कञ्चनपुर भिमदत्त नगरपालिका-१८ बस्ने २३ वर्षीय अनिल श्रीपाली रहेका छन्। ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले शंकास्पद रूपमा हिँडडुल गरी राखेको अवस्थामा फेला पारी जाँच गर्ने क्रममा सुवर्ण कुमारले आफूसँग लुकाइ राखेको प्लास्टिकको पोका खादा बेहोस भएकोमा तत्काल उपचारको लागि निसर्ग अस्पताल धनगढीमा लगि खाएको प्लास्टिकको पोका निकाली तौल गर्दा उक्त परिमाणको पदार्थ बरामद भएको हो।

काठमाडौं, महानगरपालिका-१४ बल्खुस्थित हाम्रो स्टाफ भोजनालय एण्ड खाजा घरबाट नियन्त्रित लागूऔषध डाईजेपाम, फेनारगन, नुर्फिन लेखिएको जम्मा ६ सय एम्पुल, चक्कु २ थान, विभिन्न कम्पनीका मोबाइल ३ थान र नगद ५७ हजार ६ सय रूपैयाँसहित पर्सा हरिहरपुर गाउँपालिका-११ घर भई हाल काठमाडौं बल्खु डेरा गरी बस्ने ७० वर्षीय राम चन्द्र चमार समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।

सर्लाही, ब्रह्मपुरी गाउँपालिका-२ झिमखोलाको बाँधस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब २ केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत सितामढी पञ्चायत कुरहर-४ बस्ने २८ वर्षीय संतोष राय र भारत सितामढी पञ्चायत ननपुर-९ बस्ने ३० वर्षीय रामप्रवेश महतो रहेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले मलंगवाबाट त्रिभुवननगरतर्फ जाँदै गरेको बिआर ०६ बिपि ८९३६ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## ठूलो परिमाणमा अवैध लागूऔषधसहित छ जना पक्राउ

***काठमाडौं, २१ कात्तिक***

अवैध लागूऔषध खैरो हेरोइन २ सय ४४ ग्राम, नाइट्रोभेट १ सय १२ ट्याब्लेट र ट्रामाडोल १७ हजार ४ सय १५ क्यापसुल सहित ६ जनालाई लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-४ बस्ने ३२ वर्षीया सपना रायमझी, ओखलढुङ्गा खिजीदेम्बा गाउँपालिका-३ बस्ने ३८ वर्षीय गंगालाल बिक, काठमाडौं गोकर्णेश्वर नगरपालिका-४ बस्ने ५० वर्षीय दिपक श्रेष्ठ, सोही ठाउँ बस्ने ३० वर्षीय दिपेश डंगोल महर्जन, सिरहा धनगढीमाई नगरपालिका-१४ बस्ने ३७ वर्षीय झरेन्द्र बहादुर ज्यु ठकुरी र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-२ बस्ने २७ वर्षीय सन्दिप ईटानी रहेका छन्।

उनीहरूमध्ये सपना रायमाझी र गंगालाल बिकलाई अवैध लागूऔषध खैरो हेरोईन ८१ ग्राम ५ सय मिलिग्रामसहित काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ नयाँ बस्तीबाट कात्तिक १५ गते, दिपक श्रेष्ठ र दिपेश डंगोल महर्जनलाई लागूऔषध खैरो हेरोईन १ ग्राम ८ सय मिलिग्राम, ट्रामाडोल १७ हजार ४ सय १५ क्यापसुल र नाइट्रोभेट १ सय १२ ट्याब्लेटसहित काठमाडौं चावहिलबाट कात्तिक १६ गते तथा झरेन्द्र बहादुर ज्यु ठकुरी र सन्दिप ईटानीलाई लागूऔषध खैरो हेरोइन १ सय ६० ग्राम ६ सय मिलिग्रामसहित काठमाडौं तार्केश्वर नगरपालिका-४ बाट कात्तिक १७ गते प्रहरीले पक्राउ गरेको हो। उनीहरू उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्बन्धित जिल्ला अदालतबाट लागूऔषध मुद्दामा म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## अवैध लागूऔषधसहित विभिन्न पाँच ठाउँबाट आठ जना पक्राउ

***काठमाडौं, २५ कात्तिक***

अवैध लागूऔषध सहित सिन्धुलीबाट ३ जना, पर्साबाट १ जना, महोत्तरीबाट २ जना, तनहुँबाट १ जना र कैलालीबाट १ जना गरी जम्मा ८ जना पक्राउ परेका छन्। सिन्धुली, कमलामाई नगरपालिका-६ माझिटारबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो पदार्थ ५ ग्राम ९ सय ६० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा नुवाकोट तार्केश्वर नगरपालिका-७ बस्ने २२ वर्षीय भरत रिमाल र खोटाङ खोट्टेहाङ गाउँपालिका-५ बस्ने २३ वर्षीय बिपिन मगर रहेका छन्। जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिएको प्रहरीले बा.५ ख ३१४९ नम्बरको हाईसलाई जाँच गर्ने क्रममा हाईसमा सवार उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो। साथै सवारी साधन र चालकलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ।

पर्सा, वीरगंज महानगरपालिका-१६ रजत जयन्ती चौकस्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १० ग्राम ५ सय मिलिग्रामसहित बारा परवानीपुर गाउँपालिका-५ बस्ने २० वर्षीय युवराज सिंहलाई प्रहरीले पक्राउ गरेको छ। लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय वीरगंज र प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका सिंहलाई जाँच गर्ने क्रममा उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

महोत्तरी, सम्सी गाउँपालिका-५ देवीस्थानबाट अवैध लागूऔषध गाँजा करिब २ सय ९० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मकवानपुर बकैया गाउँपालिका-७ बस्ने २५ वर्षीय लिला बहादुर थिङ र हेटौंडा उपमहानगरपालिका-१३ बस्ने राजेश घलान रहेका छन्। जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरीले सम्सीबाट जलेश्वरतर्फ जाँदै गरेको ना.०५ ख ९७११ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा चालक सिटको पछाडि लुकाई राखेको अवस्थामा उक्त गाँजा फेला पारी चालक लिला र सहचालक राजेशलाई पक्राउ गरेको हो।

तनहुँ, आबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ करिब ३० ग्रामसहित पर्सा पर्सागढी नगरपालिका-९ बस्ने १९ वर्षीय राहुल पासवानलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय आबुखैरेनिबाट खटिएको प्रहरीले ग.२ ख ००९८ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार पासवानलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

कैलाली, गोदावरी नगरपालिका-५ गेटी बस्ने २८ वर्षीय नबिन चौधरीलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ४ ग्राम २७० मिलिग्राम र डिजिटल तराजु १ थानसहित प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय मालाखेती र प्रहरी चौकी गेटाबाट खटिएको प्रहरीले उनलाई कोठाबाट उक्त पदार्थ र तराजुसहित फेला पारी पक्राउ गरेको हो।सवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## सालकको खपेटासहित पक्राउ

***काठमाडौं, १ कात्तिक***

टोखा नगरपालिका-६ स्थित न्यू खुकुरी फुड क्याफेबाट ९ सय ३० ग्राम तौलको सालकको खपेटा १ थानसहित सोही नगरपालिका-८ ग्रिनल्याण्ड बस्ने झापा घर भएकी ३१ वर्षीया सुष्मा गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा सालकको खपेटा बिक्री भइरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनलाई उक्त खपेटासहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बाघको छाला र अवैध लागूऔषध चरेशसहित तीन जना पक्राउ

***कैलाली, २ कात्तिक***

धनगढी उपमहानगरपालिका-४ सहिद गेटस्थित जुमेरा होटलबाट ७ फिट ६ ईन्च लम्बाई, १ फिट १० ईन्च चौडाई भएको बाघको छाला १ थान र अवैध लागूऔषध चरेश ६ किलो ७ सय ४० ग्रामसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बैतडी मेलौली नगरपालिका-३ बस्ने २४ वर्षीय करन चन्द, बाजुरा गौमुल गाउँपालिका-१ बस्ने २६ वर्षीय धन कृष्ण रोकाया र बुढिगंगा नगरपालिका-१० बस्ने ३० वर्षीय हेम राज जैशी रहेका छन्। विशेष सूचनाको आधारमा प्रदेश प्रहरी कार्यालय धनगढी, लागूऔषध नियन्त्रण ब्यूरो महेन्द्रनगर र वडा प्रहरी कार्यालय धनगढीबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले उक्त होटलमा तलासी गर्ने क्रममा उनीहरूलाई उक्त छाला र लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पटाका बरामद

***कपिलवस्तु, १६ कात्तिक***

मायादेबी गाउँपालिका-४ ठाकुरापुरबाट वेवारिसे अवस्थामा रहेको करिब ३ लाख रुपैयाँ बराबरको विभिन्न पटाका प्रहरीले बरामद गरेको छ। उक्त स्थानमा खटिएको गस्ती प्रहरी टोलीले नेपाल भारत सिमाना नजिक ७ वटा झोला रहेको उक्त पटाका फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा विभिन्न स्थानबाट ४६ जना पक्राउ

***काठमाडौं, १४ कात्तिक***

काठमाडौं महानगरपालिका-२६ सामाखुसी टाउन प्लानिङ बस्ने अप्सरा मल्लको घरमा जुवातास खेलिरहेको अवस्थामा म्याग्दी घोरेपानी घर भई हाल काठमाडौं बुढानिलकण्ठ नगरपालिका नारायणथान बस्ने २६ वर्षीया यम कुमारी पुन समेत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद १ लाख ९९ हजार रूपैयाँ र ३ बुक तासमहित पक्राउ गरेको हो।

यसैगरी काठमाडौं, तारकेश्वर नगरपालिका-८ जरङ्खु बस्ने नुवाकोट किस्पाङ्ग गाउँपालिका-२ घर भएका ३९ वर्षीय पूर्ण बहादुर रानाको खाजा घरभित्र जुवातास खेलिरहेको अवस्थामा राना समेत ८ जनालाई पक्राउ गरेको छ। जुवा खेलिरहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद १९ हजार ५ सय रूपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो।

बाँके, कोहलपुर नगरपालिका-३ मदनचोक बस्ने बिष्णु खरेलको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-४ बस्ने ४१ वर्षीय दिपक कुमार ढकाल समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद ३५ हजार ९ सय ५५ रूपैयाँ र २५ गड्डी तासससहित पक्राउ गरेको हो।

धादिङ, निलकण्ठ नगरपालिका-३ एमाले चोक नजिक बस्ने आशिष श्रेष्ठको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३८ वर्षीय ईश्वर खतिवडा समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धादिङबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद ४२ हजार ८ सय २५ रूपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो।

तेह्रथुम, लालिगुँरास नगरपालिका-२ प्रगती टोल बस्ने ३८ वर्षीय बीर बहादुर गुरूङको घरमा जुवातास खेलिरहेको अवस्थामा गुरूङ समेत १२ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय बसन्तपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद ९५ हजार रूपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो।

कञ्चनपुर, बेलौरी नगरपालिका-७ फगतपुरस्थित राजु चौधरीको नास्ता पसलमा जुवातास खेलिरहेको अवस्थामा चौधरी समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नगद ११ हजार ५ सय ८० रूपैयाँ र १ बुक तासससहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सामाजिक सञ्जाल मार्फत नेपाली सेनाप्रति घृणा र द्वेष फैलाउने व्यक्ति पक्राउ

***काठमाडौं, १५ कात्तिक***

सामाजिक सञ्जालमार्फत नेपाली सेनाप्रति घृणा र द्वेष फैलाएको अभियोगमा झापा दमक नगरपालिका-५ वतन भएका ४६ वर्षीय डिल्ली राम खनाललाई प्रहरीले पक्राउ गरेको छ। सामाजिक सञ्जाल मार्फत नेपाली सेनाप्रति घृणा र द्वेष फैलाउने सामग्री प्रकाशन तथा प्रदर्शन गरेकोले कारवाहीको लागि नेपाली सेनाबाट पत्राचार भएपश्चात साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले प्राविधिक विश्लेषण तथा अनुसन्धान गर्ने क्रममा खनालको संलग्नता रहेको खुल्न आएपछि उनलाई काठमाडौंबाट पक्राउ गरेको हो। उनी उपर विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## हात्तीको बङ्गारा जस्तो देखिने बस्तुसहित दुई जना पक्राउ

***झापा, १७ कात्तिक***

अर्जुनधारा नगरपालिका-७ जरूवा टोल बस्ने ४७ वर्षीय तिख बहादुर बिश्वकर्मा र ५० वर्षीय शावा लिम्बुलाई ७ इन्च लम्बाई र १२ इन्च गोलाईको १ केजी ७ सय ९० ग्राम तौल भएको हात्तीको बङ्गारा जस्तो देखिने बस्तुसहित प्रहरीले पक्राउ गरेको छ। तिख बहादुरको किराना पसलमा हात्तीको बङ्गारा लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी शनिश्चरेबाट खटिएको प्रहरीले उक्त बस्तु फेला पारी उनलाई पक्राउ गरेको थियो। थप अनुसन्धानको क्रममा उक्त बस्तु शावा लिम्बुको घरबाट ल्याएको भन्ने खुल्न आएपछि लिम्बुलाई समेत प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न हातहतियारसहित दुई जना पक्राउ

***दाङ, १८ कात्तिक***

गढवा गाउँपालिका-६ बस्ने ४९ वर्षीय दिल बहादुर राना र ४५ वर्षीय निम बहादुर बुढालाई विभिन्न हातहतियारसहित प्रहरीले पक्राउ गरेको छ।ईलाका प्रहरी कार्यालय गढवाबाट खटिएको प्रहरीले बगाले बिसाउने सामुदायिक वनबाट दिलबहादुरलाई भरूवा बन्दुक १ थान, फलामको गोली १३ थान, छर्रा २४ थान, बारुद करिब ५० ग्राम, खुकुरी २ थान र बन्दुकमा लगाउने केप ७ थान तथा निमबहादुरलाई भरूवा बन्दुक १ थान, फलामको गोली १० थान, छर्रा १३ थान, बारूद करिब ५० ग्राम र बन्दुकमा लगाउने केप ५ थानसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## एटिएम मेसिन तोडफोड गरेको अभियोगमा एक जना पक्राउ

***कास्की, २२ कात्तिक***

पोखरा महानगरपालिका-८ सभागृह हल अगाडि रहेको नबिल बैंकको एटिएम मेसिन तोडफोड गरेको अभियोगमा भारत बिहार घर भई हाल पोखरा महानगरपालिका-९ नयाँबजार बस्ने २० वर्षीय रवि ठाकुर पसीलाई गएराति प्रहरीले पक्राउ गरेको छ। पसीले एटिएम मेसिनको पैसा निस्कने ठाउँ र बक्सको बाहिरी लकमा फलामको रड छिराई क्षति पुऱ्याएको भन्ने सूचना प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट सभागृहबाट खटिएको प्रहरीले एटिएम बुथ नजिकै भाग्दै गरेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। उनको साथबाट पेचकस १ थान, रड १ थान र कैंची १ थान बरामद भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न हातहतियारसहित पाँच जना पक्राउ

***बारा, २३ कात्तिक***

सिम्रौनगढ नगरपालिका-११ भगवानपुरबाट विभिन्न हातहतियारसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सिम्रौनगढ नगरपालिका-११ भगवानपुर बस्ने ३५ वर्षीय उपेन्द्र पटेल, ६२ वर्षीय रुपलाल पटेल, २७ वर्षीय धरिन्जन पटेल, रौतहट देवाही गुनाही नगरपालिका-३ बस्ने ८० वर्षीय शोभा राउत र रौतहट बौधिमाई नगरपालिका-२ बस्ने ४४ वर्षीय राज मंगल पटेल रहेका छन्। उपेन्द्र पटेलको घरमा हातहतियार लुकाई राखेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरीले घर तलासी गर्दा घरेलु रिभल्बर १ थान, सोही रिभल्बरको गोली ७ राउण्ड, घरेलु नलकटुवा पेस्तोल १ थान र सोही पेस्तोलको गोली ३ राउण्ड फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। साथै उपेन्द्रको घर आगाडि रोकी राखेको ना.९ प २६३० नम्बरको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## तीन थान भरूवा बन्दुकसहित एक जना पक्राउ

***कपिलवस्तु, २६ कात्तिक***

शिवराज नगरपालिका-९ बिजगौरी चोक बस्ने ३२ वर्षीय नर बहादुर ओलीलाई ३ थान भरूवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय सुन्दरडाँडाबाट खटिएको प्रहरीले नर बहादुरको गोठ तलासी गर्दा गोठबाट १ थान र गोठ नजिक उनकै बारीमा २ थान भरूवा बन्दुक लुकाई राखेको अवस्थामा फेला पारेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८०।०७।०४ गते मध्यान अ.१२ बजेको समयमा र मिति २०८०-०७।०४ गते को साझको समयबाट भोलिपल्ट विहानको समयसम्म म जाहेरवालीको छोरी वर्ष १४ की परिवर्तित नाम धादिङ २४(४४१) ०८०/०८१ लाई प्रतिवादी कृष्ण बाहदुर तामाङले पटक पटक जबरजस्ती करणी गरेकोले कानून बमोजिम कारबसही गरी पाउं भन्ने समेत व्यहोराको धादिङ २४ (४१३)०८०/०८१ को मिति २०८०।०७।१२ गते जाहेरी दरखास्त प्राप्त भएकोमा अनिसन्धान पश्चात सम्मानित धादिङ जिल्ला अदालतको मिति २०८०।०७।१५ गतेको आदेशले निज प्रतिवादी कृष्ण बहारुर तामाङलाई पुर्पक्षको लागी कारागरा थुनामा गएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।०६।२६ गते राती अंदाजि ०१.०० बजेको समायमा डोटी जोरायाल गाउंपालिका वडा नं. १ गौरा स्थित उज्जल होटल अगाडी सडक खण्डमा पार्किङ गरि राखेको ट्रकको क्याबिन भित्र पातिवादी महेश दत्त ओझाले चलाएको से.१ ख १९७९ नम्बरको ट्रकभित्र प्रतिवादी महेश दत्त ओझाले म जाहेरवालीलाई जबरजस्ती करण गरेको हुंदा कानून बमोजिम कारवाही गरी पाउं भन्ने समेत व्यहोराको परतिवादी वरिवर्तित नाम ७४ पाटन (ग) को जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भई उत्त घटनाको सम्बन्धमा सम्पुर्ण अनुसन्धान कार्य पुरा गरी सम्मानित डोटी जिल्ला अदालतमा पेश हुदा सम्मानित अदालतको मिति २०८०।०७।२० गतेको आदेशले निज प्रतिवादी महेश दत्त ओझा पुर्पक्षको लागी कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८०।०६।०१ गते अं. २१.०० बजे जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं.०८ बालपुर स्थित तिजको रमाईलो हेरी छोरा बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जीलाई घर पुग्न साथ मेरो श्रीमान बल बहादुर दर्जीले गाली गलौज गरी घरको आगनमा रहेको दाउरा चिरपट उठाई बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जी माथी प्रहार गरेको हुँदा उक्त प्रहार गरेको दाउरा चिरपट छोरा बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जीले खोसी मेरो श्रीमान बल बहादुर दर्जीको टाउकोमा प्रहार गरी हान्दा सख्त घाईते भएको हुँदा घाईते मेरो श्रीमान बल बहादुर दर्जीलाई स्थानिय मानिसहरुको सहयोगमा उक्त स्थानबाट उठाई सामुदायिक अस्पताल जितपुर कपिलवस्तुमा लगी औषधी उपचार गराउने क्रममा मृत्यू भएको हुँदा छोरा बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जीलाई कानून बमोजिम कारवाही होस भन्ने ब्यहोराको जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं. ८ बस्ने बर्ष ६२ की पार्वती परियारको मिति २०८०।०६।०२ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालतमा पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८०।०६।२२ गतेको आदेशले प्रतिवादी विकास परियार र भुवन परियार भन्ने भुवन दर्जी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक - शरीर बन्धक

मिति २०८०।०७।०३ गते अं.०८:०० बजे देखि ऐ.१४:३० बजे सम्म ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.१७ ग्वार्को स्थित गेष्ट हाउसमा बर्ष ३९ को संजय कुमार साहलाई गोविन्द कुमार साह, लव कुमार यादव र ललन वैठा समेतले फल्स सिलिङको काम गर्न भनी बोलाई गेष्ट हाउसको कोठा भित्र लगी हातखुट्टा बाँधी बोल्न समेत नदिई मुखमा कपडा कोची बन्धक बनाई रु.२०,००,०००।- (बीस लाख) फिरौती रकम माग गरेको भन्ने समेत व्यहोराको संजय कुमार साहले मिति २०८०।०७।०३ गते जाहेरी दरखास्त पेश गरेकोमा उक्त घटनामा संलग्न गोविन्द कुमार साह, ललन वैठा र लव कुमार यादवलाई ऐ.३ गते पक्राउ गरी शरीर बन्धक बनाएको कसूर मुद्दामा अनुसन्धान पश्चात सम्मानित ललितपुर जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०७।२४ गतेको आदेशानुसार निज प्रतिवादीहरु पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – डाँका चोरी तथा ज्यान मार्ने उधोग

मिति २०८०।०६।१४ गते राती अं.११:०० बजेको समयमा जिल्ला कपिलवस्तु, शुद्धोधन गाँउपालिका वडा नं.६ बिमिहा स्थित जाहेरवाला बिन्ध्याचल बरईको छोरा अं. बर्ष १७ को सुरेन्द्र कुमार बरई आफ्नै घर अगाडी सडकमा बसिरहेको अवस्थामा प्रतिवादीहरु जिल्ला कपिलवस्तु मायादेवी गाँउपालिका वडा नं.१ ईमिलिया बस्ने बर्ष २२ को सकरुद्दिन मुसलमान लु १४ प ८३६ नं. को मोटरसाईकलमा आई सोही स्थानबाट एक्कासी सोही मोटरसाइकलमा जवरजस्ती बसाली बिमिहा गाँउको पूर्व तर्फ लगि पटक-पटक खुकुरी प्रहार गरी सख्त घाईते बनाई सुरेन्द्र कुमार बरईको साथमा रहेको Realme 9 मोबाईल समेत लुटी लगेको हुँदा निजहरुलाई पक्राउ गरी कानून बमोजिम गरी पाँउ भन्ने समेत ब्यहोराको बिन्ध्याचल बरईको मिति २०८०।०६।१६ गते जाहेरी दरखास्त प्राप्त भएकोमा उक्त घटनाको अनुसन्धान कार्य पूरा गरी सम्मानित जिल्ला अदालत कपिलवस्तुमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०७।१३ गतेको आदेशले प्रतिवादीहरु सकरुदिन मुसलमान र ईमरान खान भन्ने यनामुद्दिन मुसलमान पूर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।०६।२६ गते राती अन्दाजी ०१:०० बजेको समयमा जिल्ला डोटी जोरायाल गाँउपालिका वडा नं.१ गैरा स्थित उज्वल होटल अगाडी सडक खण्डमा पार्किङ गरी राखेको ट्रकको क्याबिन भित्र प्रतिवादी महेश दत्त ओझाले चलाएको से.१ ख १९७९ नम्बरको ट्रक भित्र प्रतिवादी महेश दत्त ओझाले म जाहेरवालीलाई जबरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाँउ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ७४ पाटन (ग) को जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भई उक्त घटनाको सम्बन्धमा सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित डोटी जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०७।२० गतेको आदेशले निज प्रतिवादी महेश दत्त ओझा पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०६।२८ गते जिल्ला रुकुम पश्चिम मुसिकोट नगरपालिका वडा नं.१ खलंगा माथिल्लो बजार स्थित रहेको होटेल सत्कारको कोठामा मेरी बुहारी बर्ष २८ की भावना वि.क. लाई प्रतिवादी जिल्ला रुकुम पश्चिम सानीभेरी गाउँपालिका वडा नं.९ सिम्ली बस्ने बर्ष ३३ को लोकेन्द्र बि.क. भन्ने लोक बहादुर बि.क.ले धारिलो हतियार चक्कुले घाँटी रेटी हत्या गरी साथमा भएको नगद समेत चोरी गरी लिई सो कोठाको ढोकामा बाहिरबाट ताला लगाई भागी फरार भएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम हदै सम्मको कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको उजेली कामीले मिति २०८०।०७।०१ गते किटानी जाहेरी दरखास्त पेश गरेकोमा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित रुकुम पश्चिम जिल्ला अदालतको आदेशले निज प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np